१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : ९४ ।। २०८२ वैशाख २९ गते सोमबार (12th May 2025 Monday) **Pratidin** National Daily मूल्य-रु.५/-


## हावाहुरीले झापामा ठूलो क्षति

# दमकमा एक दर्जन घरको छानो उडायो

झापा(प्रस) । आइतवार साँझ आएको हावाहुरीले झापामा ठूलो क्षति गरेको छ । हावाहुरीले दमकमा धेरै क्षति पुर्याएको हो । दमकका धेरै घरहरुको छाना उडाएको र धेरै बिजुलीको पोल भत्काएको दमक नगरपालिकाका नगर प्रमुख राम थापाले बताए । उनले हावाहुरीले गरेको व्यापक क्षतिको विवरण निकाल्ने काम भइरहेको जानकारी दिए । दमक नगरपालिकाले नगर प्रहरीलाई आपतकालीन उद्धारको लागि फिल्डमा खटाएको छ ।

दमक प्रहरीका अनुसार साँझ ६ बजेको समयमा बर्षासंगै आएको हावाहुरीले दमक नगरपालिका वडा न. ४ संगमचोक बस्ने कमला अधिकारीको डेढ तले पक्की घरको माथिको तलाको सिडी छोप्ने जस्ता उडाएको छ। जसबाट अन्दाजी ३० हजार बराबरको क्षति भएको छ। त्यस्तै सोही ठाउँ बस्ने

भिमप्रसाद सिग्देलको पक्की घरको माथिल्लो तलाको दुई वटा कोठाको जस्ता उडाएको छ । जसबाट अन्दाजी ५० हजार बराबरको क्षति भएको छ । सिग्देलको कोठाभित्र रहेको कुलर थान , टिभी थान र फ्रिज थान पानीले भिजेको छ । त्यस्तै दमक नगरपालिका वडा नम्वर ८ बस्ने दुर्गा प्रसाईले संचालन गरेको दुर्गा काटा गल्ला भण्डारको जस्ता पाता पूर्णरुपमा उडाएको छ । फापर, धान, मकै



स्टोर गरेको हलको ३५ वटा जस्ता पाता पूर्णरुपमा उडाएको र छानाको भागमा रहेको फलामको पाईपहरु समेत बाङ्गिएर क्षति भएको छ। प्रसाईको स्टोर हलभित्र रहेको ५५-६० बोरा फापर पानीले भिजेर क्षति पुगेको छ। जसबाट अन्दाजी एक लाख पचास हजार बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय दमकका डीएसपी रामप्रसाद तिमल्सिनाले जानकारी दिए। उनले दमक वडा नं ८ बालुवाटारमा पनि पाँचवटा घरको छाना उडाएको जानकारी प्राप्त भएको बताए ।

त्यस्तै आइतवार साँझ आएको हावाहुरीले झापाको बाह्रदशी-७ बत्तीसविगाह क्षेत्रमा लगाएको केरा खेतीमा ठुलो क्षति पुगेको छ। ४० विगाहभन्दा धेरै क्षेत्रफलमा लगाइएको केरा खेतीमा लाखौंको नोक्सान भएको छ । आधाभन्दा धेरै केरामा क्षति पुगेको जनप्रतिनिधिसमेत रहेका किसान मिलन संग्रौलाले जानकारी दिए ।

संग्रौलाका अनुसार ५० प्रतिशत केरामा क्षति पुगेको छ । उनले लगाएको अढाई विगाह क्षेत्रफलको केरामा शतप्रतिशत क्षति भएको जानकारी दिए । एक विगाह बराबर ३ लाखदेखि ४ लाखसम्म क्षति हुने उनको अनुमान छ ।

त्यस्तै मेचीनगर नगरपालिका वडा नं.१५ गाईनाबारीमा धुलाबारी बस्ने कपिल क्षेत्री लगायत २/३ जनाले सामूहिकरुपमा संचालन गरेको कामक्ष इण्डष्ट्रिज प्राईभेट लिमिटेड (प्लाई उद्योग) मा पानीसंगै आएको हावाहुरीले पिलिङ भवनको पश्चिम साईडको ट्रस जस्ताले बनेको छाना उडाएको छ । सोही ठाउँमा जडान गरेको १ वटा सीसीटीभी क्यामेरा समेतमा फुटाई अन्दाजी दुई लाख बिस हजार बराबरको क्षति भएको छ । त्यस्तै हावाहुरीले हल्दिबारी गाउँपालिका वडा न. ४ बलटोल बस्ने ६९ वर्षीय सकलदिप साहको टिनको छाना बाँसको टाटीबेराले बनेको तीन कोठे कच्ची घर उडाई पूर्णरुपमा क्षति हुँदा अन्दाजी १ लाख ५० हजार बराबरको क्षति भएको छ।

जिल्लाका विभिन्न ठाउँमा हावाहुरीले क्षति पुर्याएको र क्षतिको विवरण संकलन भइरहेको जिल्ला प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक प्रवीण श्रेष्ठले जानकारी दिएका छन् ।

## टाङटिङमा अवैध उत्खनन् रोकिएन



झापा(प्रस) । झापाको अर्जुनधारा नगरपालिकास्थित टाङटिङ खोलामा अवैधरुपमा उत्खनन् गर्ने कार्य रोकिएको छैन ।

प्रहरीले अर्जुनधारा ५ स्थित टाङटिङ खोलाको निषेधित क्षेत्रमा अवैधरुपमा बालुवा उत्खनन् गरी लोड गरिरहेको अवस्थामा सातवटा ट्र्याक्टर नियन्त्रणमा लिएको छ । शुक्रवार र शनिवार सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश शनिश्चरेबाट खटिएको मोवाईल गस्ती टोलीले प्र १-०१-००१ त ८२३०, मे.१.त ४३४२,प्र.१-०१-००१ त ८२३०,प्र १-०३-००१ त २३९५ ,प्र १-०१-००१ त ९४६६ प्र १-०१-००१ त ८९७९ र प्र १-०१-००१ त ८०३५ नं को ट्र्याक्टर नियन्त्रणमा लिएको हो ।

आवश्यक कार्बाहीको लागि ती सवारीसाधन आज अर्जुनधारा नगरपालिकाको कार्यालयमा बुझाइएको छ । शुक्रवारकै दिन मापदण्डबिपरित बालुवा तथा गिटी उत्खनन् गर्दै गरेको अवस्थामा टाङटिङ खोलाबाट दुईवटा स्काईभेटर प्रहरीले नियन्त्रणमा लिएको थियो ।

## दुर्घटना गराई फरार ट्रक चालक लिम्बू पक्राउ



झापा(प्रस) । दमकमा स्कुटरलाई ठक्कर दिई फरार भएका ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। शनिवार राति १०.१५ बजे

दमक नगरपालिका वडा न.-१ रबि स्टेन्डको गेटमा बेलडाँगीबाट दमकतर्फ आउँदै गरेको ग १ ख ६४३७ नम्बरको ट्रकले फाल्गुनन्द चोकबाट बेलडाँगीतर्फ जाँदै गरेको मे ८ प ४५५८ नम्बरको स्कुटरलाई ठक्कर दिएको थियो । दुर्घटनामा स्कुटर चालक ताप्लेजुङ फक्ताङलुङ गाउँपालिका वडा न.-०५ पापेथोक बस्ने २२ वर्षीय अंकित लिम्बूको घटनास्थलमा नै मृत्यु भएको थियो । लिम्बू दमक थकाली किचन घरका स्टाफ हुन् । स्कुटरको पछाडी सवार पाँचथर मिक्लाजुङ गाउँपालिका वडा न.-४ बस्ने ४२ वर्षीया सिर्जना राई गम्भीर घाइते भएकी छन् । घाइतेलाई दमक अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको छ ।

ठक्कर दिने ट्रक चालक इलाम सन्दकपुर गाउँपालिका वडा न. ३ बस्ने २५ वर्षीय रोशन केरुङ लिम्बू फरार भएका थिए । इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा ट्रक चालक लिम्बूलाई बिर्तामोड नगरपालिका वडा न. ५ माता मन्दिरबाट आइतवार बिहान ९:५५ बजे नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्र खड्काले बताए । उनले लिम्बूमाथि सवारी ज्यानसम्बन्धी कसूरमा अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।

## अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीमा पहुँच बढ्दैं

• **लक्ष्मी उप्रेती**

बिर्तामोड । पछिल्लो समय अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीमा पहुँच बढ्न थालेको छ। आइतबार झापाको बिर्तामोडमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमअन्तर्गत झापा जिल्लाका स्थानीय तहहरूका उपप्रमुख/उपाध्यक्षसँग आर्थिक बर्ष २०८१/ ०८२ को तेस्रो त्रैमासिक समीक्षा कार्यक्रममा प्रस्तुत अभिलेखले यसको पुष्टि गरेको छ।

करुणा फाउन्डेसन नेपाल अपाङ्गताको क्षेत्रमा निक्कै अघिदेखि क्रियाशील रहेको छ। कार्यक्रममा करूणा फाउन्डेसन नेपालका बरिष्ठ कार्यक्रम व्यवस्थापक कमल कोइरालाले



कार्यक्रमका मुख्य सूचकहरूसहित विविध विषय प्रस्तुत गरेका थिए। कोइरालाले प्रस्तुत गरेको विभिन्न दशवटा सूचकहरू पहिलो, दोस्रो र तेस्रो बर्षको लक्ष्यलगायत विविध विषयमा अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीमा पहुँचसमेत वृद्धि भएको

❖ **बाँकी तेस्रो पृष्ठमा**

## कोदालोको पासोले हिर्काएर श्रीमतीद्वारा श्रीमानको हत्या

झापा(प्रस) । मकैबारीमा जोत्ने क्रममा सामान्य विवाद हुँदा खोटाङमा कोदालोको पासोले हिर्काएर श्रीमतीले श्रीमानको हत्या गरेकी छन् ।

शनिवार बिहान हलेसी तुवाचुङ नगरपालिका -९ माथिल्लो चिचिङ्गा बस्ने ५१ वर्षीय पाँचकर्ण राई र उनकी श्रीमती ५३ वर्षीया रेनुका राईबिच मकैबारीमा जोत्ने क्रममा सामान्य विवाद भएको थियो । त्यसक्रममा रेनुकाले कोदालोको पासोले श्रीमानको टाउकोमा प्रहार गरेकी थिइन् । घाइते पाँचकर्णलाई उपचारको लागि नगर अस्पताल दुर्छिम पठाइएकोमा त्यहाँ संभव नभएपछि थप उपचारको लागि हेलिकप्टरद्वारा काठमाण्डौको अन्नपुर्ण न्युरो अस्पताल लगिएको थियो ।

सोही अस्पतालमा उपचारका क्रममा साँझ ५.५० बजे मृत्यु भएको प्रहरीले जनाएको छ। कुटपिट गर्ने रेनुकालाई इलाका प्रहरी कार्यालय हलेसीले नियन्त्रणमा लिएको छ ।

## श्रीमानद्वारा खुकुरी प्रहार गरी श्रीमतीको हत्या



झापा(प्रस) । झापाको कन्काई नगरपालिकामा श्रीमानले खुकुरी प्रहार गरी श्रीमतीको हत्या गरेका छन् । शनिवार राति अन्दाजी ११:२० बजे कनकाई नगरपालिका वडा नं. २ सुकेडाँगी बस्ने ३५ वर्षीय कविराज हेमरमले आफ्नो श्रीमती ३४ की पुजा हेमरमको खुकुरी प्रहार गरी हत्या गरेका हुन् । कविराजले झगडा गरी आफू सुत्ने कोठामा श्रीमती पुजालाई खुकरीले घाँटीमा प्रहार गरी हत्या गरेको प्रहरीले जनाएको छ । हत्यापछि फरार भएका कविराजलाई सुरुङ्ग सडकबाट नियन्त्रणमा लिइएको छ ।

खुकुरी घटनास्थलबाट नियन्त्रणमा लिएको र शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुरमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-८, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

## एकीकृत समाजवादीको अध्यक्षमा भट्टराई निर्वाचित

झापा(प्रस) । नेकपा एकीकृत समाजवादीको जिल्ला अध्यक्षमा विपी भट्टराई निर्वाचित भएका छन् । एकीकृत समाजवादीको दशौं जिल्ला अधिवेशनबाट भट्टराई सर्वसम्मतले निर्वाचित भएका हुन् । जसको उपाध्यक्षमा नविन इजम र सरस्वती लिम्बू ,सचिव सानुकुमार लामा ,उपसचिवमा होम बराल , श्रीप्रसाद मिश्र, उदय बराइली रहेका छन् । अधिवेशनले ६१ सदस्यीय जिल्ला कमिटी निर्वाचित गरेको जनाइएको छ ।

## रोकियो लाइसेन्स छपाइ



झापा(प्रस) । यातायात व्यवस्था विभागले अत्यावश्यक सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छपाइ बन्द गरेको छ ।

आइतबार सार्वजनिक सूचना जारी गर्दै विभागले प्रिन्टिङ मेसिनमा समस्या आएका कारण लाइसेन्स छपाइ कार्य बन्द भएको जानकारी गराएको हो । अध्ययन तथा रोजगारीमा विदेश जाने नेपाली, शान्ति सेना, नेपाल प्रहरी र गैरआवासीय नेपालीका लागि हुँदै आएको लाइसेन्स छपाइ बिहीबारदेखि बन्द भएको जनाएको छ । विभागका सूचना अधिकारी गणेशमानसिंह राईले अत्यावश्यकका साथै आम सर्वसाधारणको लाइसेन्सको छपाइ पनि बन्द भएको बताए ।

## तीन दिनअघि घरबाट हिडेका जोगी मकैबारीमा मृत फेला

झापा(प्रस) । झापाको भद्रपुरस्थित मकैबारीका मृत फेला परेका व्यक्तिको पहिचान खुलेको छ । भद्रपुर नगरपालिका वडा नं -४ बद्रीगाउँस्थित मकैबारीमा मृत फेला परेका व्यक्ति भद्रपुर नगरपालिका वडा न. २ सोमबारे बस्ने अन्दाजी ५० वर्षका



भुवनसिंह जोगी भएको प्रहरीले जनाएको छ । उनी तीन दिनअघि बिहीवार बिहान अन्दाजी ८.३० बजे घरबाट हिडेको बुझिएको छ । आइतवार बिहान स्थानीयले जोगीको शव मकैवारीमा देखेर प्रहरी चौकी महेशपुरमा जानकारी गराएका थिए ।

## राजावादीले उपत्यकाबाहिरबाट आन्दोलनकारी ल्याउने



झापा(प्रस) । वर्तमान व्यवस्था विरोधी समूह 'संवैधानिक राजसंस्था र सनातन हिन्दु अधिराज्य सहित बुहदलीय प्रजातन्त्र पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति'ले जेठ १५ गतेदेखि सुरु हुने भनिएको राजधानी केन्द्रित आन्दोलनमा उपत्यकाबाहिरबाट आन्दोलनकारी ल्याउने भएको छ ।

समितिका संयोजक नवराज सुवेदीको अध्यक्षतामा आइतबार बसेको संयुक्त जनआन्दोलन समितिमा आबद्ध राजनीतिक दल, संघसंस्था तथा अभियन्ताहरूको संयुक्त बैठकले आन्दोलनमा सहभागी हुन काठमाडौं बाहिरका जनतालाई काठमाडौं आउन आह्वान गर्ने निर्णय गरेको हो । यस्तै काठमाडौंका जनता र सबै वर्ग, पेसा र समुदायलाई सक्रिय सहभागिताका लागि आह्वान गर्ने समेत निर्णय भएको संयोजक सुवेदीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यस्तै आन्दोलनलाई आर्थिक सहयोग गर्न आम नेपालीलाई आह्वान समेत बैठकले गरेको उनले बताए ।

बैठकलाई सम्बोधन गर्दै सुवेदीले आन्दोलन घोषणा सभा पछि पहिलो पटक सबै राष्ट्रवादी शक्तिहरू एकै ठाउँमा उभिएको सन्देश गएको बताए । उनले भने, 'वातावरण अत्यन्त अनुकूल भएको छ । अब सबै मिलेर आन्दोलन सफल बनाउनु पर्दछ । संवैधानिक राजसंस्था र सनातन हिन्दु अधिराज्य पुनर्स्थापना हुने सम्भावना बलियो भएको छ ।'

संवैधानिक राजसंस्था र सनातन हिन्दु अधिराज्यप्रति आस्था राख्ने प्रवुद्ध व्यक्तिहरूको भेला जेठ ६ गते गर्ने तथा काठमाडौं उपत्यकाका तिनै जिल्लाका आम जनतालाई आन्दोलनमा सहभागी हुन आह्वान र जागृत गर्ने उद्देश्यका साथ जेठ ८, ९, १० र ११ गते काठमाडौं उपत्यका जनजागरण यात्रा गर्ने निर्णय भएको छ । यो यात्राको शुभारम्भ काठमाडौंको साँखुमा जेठ ८ गते गर्ने र जेठ ११ गते चाँगुनारायणमा समापन गर्ने तय भएको सुवेदीले बताए । यो यात्रा अन्तर्गत काठमाडौं उपत्यकाका सबै १५ पालिका भित्रमा महत्त्वपूर्ण स्थानहरूमा कोण सभाहरू गर्ने उनको भनाइ छ ।

जेठ १३ गते वृहत् युवा स्वयंसेवक भेला गर्ने तथा आन्दोलनमा काठमाडौं बाहिरका जनताको व्यापक सहभागिता जुटाउने गरी आवश्यक तयारी गर्ने निर्णय समेत भएको छ ।

सुवेदीले जेठ १५ गतेदेखि हुने आन्दोलन शान्तिपूर्ण हुने भन्दै त्यसको अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोग तथा राष्ट्रिय अन्तर्राष्ट्रिय मानव अधिकार संघ संस्थालाई आग्रह गर्ने निर्णय पनि भएको छ ।

बैठकले तीनकुने घटनामा पक्राउ परेकाहरूलाई तत्काल रिहा गर्न समेत माग गरेको छ ।

## शिक्षकका लागि उप्रेरणा प्रशिक्षण



भद्रपुर(प्रस) । प्याब्सन मातहतमा रहेका भद्रपुरका १२ वटा विद्यालयको समूह क्लस्टर भद्रपुरले शिक्षकका लागि एक दिने उप्रेरणा प्रशिक्षण सम्पन्न गरेको छ ।

संस्कारयुक्त शिक्षा आजको आवश्यकता शीर्षकमा केन्द्रित रहेर भद्रपुरमा रहेका १२ वटा संस्थगत विद्यालयका ३०० शिक्षकलाई एक दिने उप्रेरणा प्रशिक्षण तालिम प्रदान गरिएको हो ।

प्याब्सन कोशी प्रदेशका उपाध्यक्ष इशुभ पाण्डेको अध्यक्षता तथा भद्रपुर नगर प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न प्रशिक्षणको सहजीकरण शिक्षा र अध्यात्म क्षेत्रका अन्वेषकद्वय विवेक विनय तथा बद्री दाहालले गरेका थिए ।

उद्घाटन कार्यक्रममा बोल्दै झापा प्याब्सनका अध्यक्ष छत्र कार्कीले शिक्षा निजी वा सरकारी नहुने भन्दै विधि र प्रकृयामा चल्ने विद्यालय संस्थागत भएको बताए । उनले संस्थागत विद्यालय विधि र प्रकृयामा चले सामाजिक उत्तरदायित्व निर्वाह हुने भन्दै शिक्षक कर्मचारीको हितमा रहने गरी सञ्चालक अगाडि बढे उत्कृष्ट विद्यालय बन्न समय नलाग्ने जानकारी दिए ।

कार्यक्रममा नगर शिक्षा शाखा प्रमुख पवित्रा ढकालले विद्यार्थीलाई सामाजिकीकरणमा अगाडि बढाउन विद्यालयको भूमिका रहने बताउँदै शिक्षकको कार्यशैलीको प्रभावले विद्यार्थीको आगामी यात्रा तय हुने हुँदा शिक्षक जिम्मेवार बन्नु अबको आवश्यकता रहेको धारणा राखिन् । क्लस्टर समूहका सदस्य सन्देश राईले स्वागत गरेको कार्यक्रमको सञ्चालन सञ्चारकर्मी दिपेन्द्र पौडेलले गरेका थिए भने क्लस्टर सम्बद्ध विद्यालयका सञ्चालक सहित भद्रपुर नगर शिक्षा शाखाका कर्मचारी, प्याब्सन भद्रपुर अध्यक्ष लगायत सहभागी रहेका थिए ।

## कचनकवलमा बाटोमा लडेर युवतीको मृत्यु



झापा(प्रस) । झापाको कचनकवलमा बाटोमा लडेर युवतीको मृत्यु भएको छ । आइतवार बिहान ६ बजे कचनकवल - ३ दल्कीस्थित सन्थाल बस्ती बस्ने विदेन मर्डीकी छोरी २६ वर्षीया आस्मा मर्डी आफ्नै घरदेखि अन्दाजी २५ मिटर उत्तरमा रहेको बाटोमा लडेर मृत अवस्थामा फेला परेकी हुन् । उनका भाइ सफल मर्डीले देखेर शव घरमा ल्याएका थिए । घटनाबारे प्रहरी चौकी पथरियामा जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी पथरियाबाट टोली गएको थियो । ती युवतीको बाहिरी चोटपटक केहि देखिएको छैन । अनुसन्धान एवं कानुनी प्रकृयाको लागि जिल्ला प्रहरी कार्यालयवाट टोली खटिएर अनुसन्धान शुरु गरेको जनाइएको छ ।


**बिर्तामोड नगरपालिकाको**

**अत्यन्त जरुरी सूचना**

**यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।**

**अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।**

बिर्तामोड नगरपालिका
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल


## अपाङ्गता...

उल्लेख छ ।

कार्यक्रमको समग्र नेतृत्व र प्रभावकारी कार्यान्वयनको सुनिश्चितता, कार्यक्रमका सूचकहरुको विश्लेषण तथा मार्गदर्शनका लागि नियमित मासिक बैठक, राज्यप्रदत्त सेवाहरुमा अपाङ्गता भएका व्यक्तिहरुको सहज पहुँचको सुनिश्चितताका लागि नियमित निर्देशन, अन्तर शाखा समन्वय सहजीकरण, जनशक्तिको प्रभावकारी परिचालन, कार्यक्रमको नियमित अनुगमन तथा मार्गदर्शन, कार्यक्रमको दिगोपनाको लागि आवश्यक पहलकदमी झापाका विभिन्न पालिकाहरुका उपप्रमुख र उपाध्यक्षसँग अपेक्षा गरिएको व्यवस्थापक कोइरालाले बताए ।

विद्यालय उमेर समूहका अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालय भर्ना गराउने र छात्रवृत्तिको सुनिश्चितताका लागि इएमआईएसमा अद्यावधिक गर्न लगाउनुपर्ने, उपचारको आवश्यकता रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिकताका आधारमा तत्काल उपचारका लागि पठाउनुपर्ने, बालबालिकालाई प्राथमिकतामा राख्ने, सहायक सामग्रीको खरिद प्रक्रिया तत्काल अघि बढाउने र खरिद प्रक्रिया सकिएका स्थानीय तहहरुमा तत्काल वितरण गर्ने, गराउनुपर्ने, वितरण गर्दा बालबालिकालाई प्राथमिकतामा राखी सीप विकास तालिम तत्काल प्रदान गर्ने, गराउनुपर्ने, तालिम लिएर स्वरोजगार , रोजगारसँग जोडिन चाहनेलाई मात्र तालिम प्रदान गर्नेलगायत अबको प्राथमिकता रहेको उनको भनाई थियो ।

सहायक सामग्री खरिद, अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार सहयोगमा ढिलाई , सीपमुलक तथा व्यावसायिक तालिम समयमा नै प्रदान हुन नसक्नु, समयमै योजना तथा प्रतिवेदन तयार नहुनु ,कार्यक्रम राम्रो हुँदा हुँदैं पनि आशातीत परिणामहरु समयमा नै हासिल हुन नसक्नुलगायत थुप्रै यसका मुख्य चुनौती रहेको कार्यक्रम व्यवस्थापक कोइरालाले बताए । मुख्य उपलब्धीहरुलगायतका विषयमा कोइरालाले उपप्रमुख र उपाध्यक्षहरुलाई जानकारी गराएका थिए ।

करूणा फाउन्डेसनका कार्यक्रम निर्देशक योगेन्द्र गिरीले यस कार्यक्रमका लागि विनियोजित बजेट फ्रिज हुन नदिन सम्बन्धित पालिकाको ध्यानाकर्षण गराउँदैं यसो भए लक्षित समुदाय उसका अधिकारबाट बञ्चित रहने बताए । उनले थुप्रै पालिकाहरुमा स्वास्थ्य, शिक्षा र महिला तथा बालबालिका शाखाबीच सहकार्य र समन्वय नहुँदा कार्यक्रम प्रभावकारी नबनेको भन्दैं जनप्रतिनिधिहरुले यसलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता औल्याएका थिए । अहिलेसम्म पनि लक्षित समुदायको आधिकारिक अभिलेख नआएका कारण पनि समस्या भएको भन्दैं उनले कुनै पालिकाले अटिजमका विषयमा काम गर्ने भए फाउन्डेसनले सहयोग गर्ने बताए ।

कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय, महाशाखा प्रमुख दुर्गा भण्डारी वरालले अपाङ्गता भएका व्यक्तिको जीवनमा आएको परिवर्तन नै ठूलो विकास भएको बताइन् । अपाङ्गताका क्षेत्रमा काम गर्न कोही नआउने भन्दैं उनले कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, स्थानीय सरकार र करूणा फाउन्डेसन नेपालको त्रिपक्षीय लगत साझेदारीमा अहिले विभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेको बताइन् । तीन निकायको सहकार्यमा काम भइरहेको भएपनि समग्र प्रगति सन्तोषजनक नरहेको गुनासो गरिन् । यो कामलाई कार्यान्वयनमा लगेर शतप्रतिशत लक्ष्य पुरा गर्नुपर्ने उनको जोड थियो । कर्मचारीहरूलाई घचघच्याइदिन, खरिद प्रक्रिया छिटो छरितो, चुस्तदुरुस्त र पारदर्शी बनाउन उनले सम्बन्धित पालिकालाई अनुरोध समेत गरिन् ।

बैठकमा मेचीनगर नगरपालिका उपप्रमुख मीना पोख्रेल उप्रेती, दमक नगरपालिकाका उपप्रमुख रेगिना भट्टराई, बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला,कन्काई नगरपालिकाका उपप्रमुख आशा शर्मा शिवाकोटी, अर्जुनधारा नगरपालिकाका उपप्रमुख खड्गकुमारी पराजुली, शिवसताक्षी नगरपालिकाका उपप्रमुख नरमाया कार्की, गौरादह नगरपालिकाका उपप्रमुख जलबर्षा राजवंशी, हल्दिवारी गाउँपालिकाका उपाध्यक्ष लक्ष्मीदेवी मैनाली, गौरीगञ्ज गाउँपालिका उपाध्यक्ष पुजन न्यौपाने कुँवर, बुद्धशान्ति गाउँपालिकाका उपाध्यक्ष भवानीप्रसाद खतिवडा, कमल गाउँपालिकाका उपाध्यक्ष प्रमिला न्यौपाने, भद्रपुर नगरपालिकाका कार्यपालिका सदस्य सीतादेवी ढकाल, कचनकवल गाउँपालिकाका वडा अध्यक्ष मो.नुरआलमलगायत सहभागी थिए ।


**ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना**

**प्रकाशित मिति २०८२/०१/२९**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जा संग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिलः**

**शाखा कार्यालय : दुर्गापुर**

| ऋणी / धितो जमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण | धितो सूरक्षणको विवरण |
| --- | --- |
| **ऋणी/धितो जमानीकर्ता** : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, **घरेलु तथा साना उद्योग कार्यालय, भद्रपूर झापा**मा मिति २०६७/०३/०४ मा प्रा.फ.नं.घ.उ.वि. ३२९/१६६/९५८९ अन्तर्गत रजिष्ट्रर्ड/दर्ता भएको रजिष्ट्रर्ड ठेगाना झापा जिल्ला, सूरुङ्गा गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भै हाल झापा जिल्ला, कनकाई न.पा., वडा नं. ३ सूरुङ्गा स्थित **कन्काई गृल उद्योग**को तर्फबाट ऐ. का अख्तियार प्राप्त प्रोप्राइटर लक्ष्मी कान्त बोहोराको नाति, ललि बहादूर बोहोराको छोरा, नागरिकता वमोजिम झापा जिल्ला, कनकाई न.पा., वडा नं. ३ सुरुङ्गा स्थायी ठेगाना भै हाल सोही स्थानमा बस्ने मिति २०५५/०४/२५ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ९१५२२०१९ भएको बर्ष ४८ को **अर्जून बोहोरा** । | अर्जुन बोहोराको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुरमा दर्ता कायम रहेको झापा जिल्ला, सूरुङ्गा गा.वि.स., वडा नं.३ स्थित कि.नं. १८९८ र १३६६ को क्षेत्रफल क्रमश : ०-४-१० र ०-३-१० (बि.क.धु) को जग्गा र उल्लेखित जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| **व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण** | |
| नाम : विना कुमारी बोहोरा<br>बाबु : टिका राम महत<br>पति : अर्जुन बोहोरा<br>ना.प्र.नं. ०४१०३१/२२०४ (जारी मिति : २०६८/०२/०२, झापा)<br>ठेगाना : झापा जिल्ला, सुरुङ्गा गा.वि.स., वडा नं. ५ सुरुङ्गा स्थायी ठेगाना भै हाल झापा जिल्ला, कनकाई न.पा,. वडा नं. ३. सुरुङ्गा बस्ने । | |
| **कर्जाको प्रकार : चालुपूँजी कर्जा** | |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# कुखुरापालनलाई प्रोत्साहन गरौं

**नेपालको पोल्ट्री व्यवसायले पछिल्लो समय उल्लेखनीय प्रगति गरेको छ। २०५० सालबाट व्यावसायिक पोल्ट्री पालनको सुरुआत भए पनि पछिल्लो दुई दशकमा यसको विकास दर तीव्र भएको हो। कोभिड २०१९ को महामारी तथा रुस युक्रेनको युद्धका कारण भएको आर्थिक मन्दी तथा नेपालको विषम आर्थिक परिस्थितिका बाबजुत पनि हाल देशैभरिमा व्यावसायिक रूपमा सञ्चालनमा रहेका ह्याचरी उद्योग ९९ वटा, दाना उद्योग ९० वटा, लेयर्स फार्म करिब ६ सय, ब्रोइलर फार्म ३ हजार बाट ब्रोइलर चल्ला ३३–३५ लाख प्रतिहप्ता, लेयर्स चल्ला १ लाख २५ हजार प्रतिहप्ता, कलर ब्रोइलर चल्ला १ लाख प्रतिहप्ता उत्पादन भइरहेको छ। पोल्ट्री उद्योग तथा व्यवसाय आधुनिकीकरण, यान्त्रीकरण तथा व्यवसायीकरणले गर्दा कुखुराको मासु, अण्डा, चल्ला तथा दानाको उत्पादनमा नेपाल आत्मनिर्भर भई तीव्र गतिमा विस्तार हुनु हामी सबैको गौरवको विषय हो।**

**जसलाई आवश्यक पर्ने दाना २८ सय मे.टन प्रति दिन तथा प्यारेन्ट फार्म र व्यावसायिक लेयर्स फार्मका लागि हुने स्वःउत्पादन १७ सय मे.टन प्रतिदिन गरी कुल ४५ सय मे.टन दाना दैनिक रूपमा उत्पादन भैरहेको छ भने ५०–५२ लाख वटा अण्डा तथा ७–८ लाख के.जी. कुखुराको मासुको दैनिक रूपमा उत्पादन भएर हरेक नेपालीका भान्छामा सहज रूपमा पुगेको छ।**

**नेपाल सरकारबाट निजी क्षेत्रको एकमात्र आत्मनिर्भर घोषणा भएको पोल्ट्री क्षेत्रमा करिब रु. १६० अर्बको लगानी रहेको यस क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा ३ प्रतिशतको योगदान गरेको र कृषि क्षेत्रमा मात्रै २५ प्रतिशतको योगदान रहेको छ।**

**प्रत्यक्ष रोजगारी (कुखुरापालन, ह्याचरी, फिड उद्योग, खोप तथा औषधि आपूर्ति, पोल्ट्री उपकरण निर्माण, मासु प्रशोधन आदि) र अप्रत्यक्ष रोजगारी (ढुवानी, खुद्रा व्यापार, बजार व्यवस्थापन आदि) गरी प्रत्यक्ष ३ लाख र अप्रत्यक्ष गरी करिब ५ लाखको रोजगारी भएका यो क्षेत्रले दिइरहेको छ।**

**नेपाली पोल्ट्री क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। यद्यपि यो क्षेत्र अझै असंगठित, जोखिमपूर्ण र नीति अभावको स्थितिमा रहेको छ। आन्तरिक उत्पादनले माग धान्ने, मासुमा पूर्ण आत्मनिर्भर भएकोले यदि पोल्ट्रीलाई व्यवस्थित, वैज्ञानिक, प्रविधिमैत्री र बजार मुखी बनाइयो भने यसले दीर्घकालीन आर्थिक समृद्धिमा योगदान पुर्‍याउनेछ।**




# डिजिटल विश्वको सुरक्षा चिन्ता



• डा.वासुदेव गिरी

मानव सभ्यताको क्रमसँगै ढुङ्गे युगलाई धातुका औजारले, औजारलाई मेसिनले र मेसिनलाई सूचना प्रविधिले विस्थापित गर्‍यो । अझ अहिले त सूचना प्रविधिलाई पनि पछि पार्दै कृत्रिम बौद्धिकताले ठाउँ ओगटिसक्यो । डिजिटल एवं सूचना प्रविधिले हाम्रो जीवनलाई सुविधाजनक बनाइदिएको छ, सञ्चारदेखि शिक्षासम्म र सबै क्षेत्रमा एक किसिमको क्रान्ति ल्याइदिएको छ । प्रविधिको द्रुततर विकासले गर्दा आज सम्पूर्ण विश्व साँघुरिएर एउटा सानो गाउँ जस्तो भएको छ । बिहान चिया/कफीको चुस्कीसँगै संसारभरका ताजा खबर प्राप्त हुन थालेका छन् । मतलब हरेकको हातमा (मोबाइल) विश्वव्यापी सूचना प्राप्त गर्ने अखबार छ संसारको लाइब्रेरी छ, इन्साइक्लोपेडिया उपलब्ध छ ।

संसारको एउटा कुनाबाट अर्को कुनामा बस्ने मानिससँग कुनै पनि बेला सहजै कुरा गर्न सकिन्छ, विचार आदानप्रदान र भावना सेयर गर्न सकिन्छ त्यो पनि प्रत्यक्ष रूपमा अनुहार हेराहेर गरी । विद्यार्थीले विद्यालय, कलेज होस् वा विश्वविद्यालय घरमै बसेर पढ्न सक्ने सुविधा उपलब्ध छ भने जागिर खानेका लागि यही प्रविधिले ‘वर्क फर्म होम’ को सुविधा उपलब्ध गराएको छ । संसार जति डिजिटलमय हुँदै गएको छ, त्यसले मानिसको दिनचर्यालाई सरल र सहज बनाइदिएको छ । ट्राफिक जाम छिचल्दै घण्टौँ लाइन लाएर बैङ्किङ सेवा लिन बैङ्क धाइरहनु पर्दैन अहिले ।

स्कुल, कलेजको शुल्क तिर्नुहोस् वा बिजुली, पानी, इन्टरनेटको बिल तिर्न आफ्नो महत्वपूर्ण समय खर्च गरिरहनु पर्दैन । कनेक्ट आइपिएस, मोबाइल एप्स र क्युआर कोडबाट सबै काम मिनेटभरमै फत्ते हुन्छ । कसैलाई पैसा तिर्न डराई डराई झोलामा बिटाका बिटा पैसा लिएर हिँड्नुपर्ने अवस्थालाई पनि यही डिजिटल एवं सूचना प्रविधिले हटाइदिएको छ । यद्यपि धेरै जसो सरकारी, गैरसरकारी सङ्घसंस्था र व्यापारिक प्रतिष्ठानहरूले सूचना प्रविधिमा आफ्नो उपस्थिति जनाउँदै डिजिटल प्रविधिको प्रयोग गर्दै छन् । सरकारले सार्वजनिक सेवा प्रवाहलाई डिजिटल माध्यमबाट नै उपलब्ध गराउने कुरामा जोडदिएको पाइन्छ भने अझ बैङ्क तथा वित्तीय संस्थाहरूले त क्यासलेस र पेपरलेसको अवधारणा लागु गरिसके ।

मुलुकको शिक्षा, स्वास्थ्य, सञ्चार, आर्थिक, राजनीतिक, सामाजिक, प्राविधिक, औद्योगिक, प्रशासनिक एवं सांस्कृतिक क्षेत्रको विकासमा डिजिटल एवं सूचना प्रविधिले ठुलो योगदान दिँदै आएको छ भने यसका केही अँध्यारा पक्षबाट समाजमा गम्भीर प्रकृतिका अपराध हुने गरेको पाइन्छ । यी सबै कुरालाई मनन् गर्दा डिजिटल एवं सूचना प्रविधिले एउटा सन्दर्भमा विभिन्न झन्झट र जोखिम न्यूनीकरण गरेको पाइन्छ भने अर्कातर्फ सुरक्षा चुनौती पनि सिर्जना गरेको कुरालाई नकार्न सकिँदैन । दुनियाँ सूचना प्रविधि र डिजिटलमय बन्दैगर्दा यसबाट हिंसा, आतङ्क, तनाव, साइबर बुलिङ, साइबर थ्रेट र यस्तै अन्य समस्या सृजित भएका छन् । सामान्य अर्थमा भन्नुपर्दा सूचना प्रविधिको उपयोगमार्फत अनधिकृत रूपमा पहुँच स्थापित गर्दै व्यक्तिगत, संस्थागत र सार्वजनिक सुरक्षामा खलल पार्दै समाजमा एक किसिमको आतङ्क सिर्जना गर्ने काम भएको छ जसलाई हामी साइबर क्राइम भन्छौं ।

डिजिटल दुनियाँमा इन्टरनेट सेवाग्राही/प्रयोगकर्ता साइबर सुरक्षाका विषयमा आफू जागरुक एवं सचेत नभएको कारणले र एप तथा अनलाइन सेवाप्रदायक संस्थाले सफ्टवेयर र वेबसाइट बनाउँदा साइबर सुरक्षाका पर्याप्त मापदण्ड तथा उपाय अवलम्बन नगर्दा र इन्टरनेट सेवाप्रदायकले पनि साइबर सुरक्षामा पर्याप्त ध्यान नदिँदा सुरक्षा चुनौती बढ्नुका साथै सेवाग्राही साइबर आक्रमणको सिकार हुन पुगेका छन् । खास गरी नेपालमा महिला, बालबालिका, विद्यार्थी र डिजिटल साक्षरता कम भएका व्यक्तिलाई आक्रमणकारीले निसाना बनाएको अध्ययनले देखाएको छ । जीवनशैली र सूचना प्रविधिमा आएको आमूल परिवर्तन र विकाससँगै सूचना प्रविधिको व्यापक प्रयोग हुँदै जाँदा साइबर अपराधका घटना बढेकोले समस्या र चुनौती थपिँदै गएका छन् ।

**समस्या र चुनौती**

डिजिटल विश्वको विस्तार स्मार्टफोन, क्लाउड कम्प्युटिङ, कृत्रिम बौद्धिकता र इन्टरनेट अफ थिन्स जस्ता प्रविधिको कारणले सम्भव भएको हो । हालसम्म संसारभर ५.५ अर्ब इन्टरनेट प्रयोगकर्ता छन्, जुन विश्व जनसङ्ख्याको लगभग ६५ प्रतिशत हो । यो विस्तारले मानिसलाई सूचना, सम्पर्क र अवसरमा पहुँच त प्रदान गरेको छ यसका साथसाथै साइबर अपराध गर्नेहरूलाई नयाँ अवसर पनि दिएको छ । नेपाल जस्तो विकासोन्मुख देशमा जहाँ डिजिटल साक्षरता र साइबर सुरक्षासम्बन्धी चेतना सीमित छ, यसको साइबर अपराधीले नाजायज फाइदा उठाउँदै आएका छन् ।

नेपालमा साइबर सुरक्षाका लागि प्रभावकारी कानुनी व्यवस्था, संस्थागत संरचना, भौतिक तथा प्राविधिक पूर्वाधारको कमी, दक्ष जनशक्तिको कमी, साइबर सुरक्षासम्बन्धी सचेतना र पैरवी नहुनु, राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा साइबर सुरक्षासम्बन्धी समन्वयको अभाव र सूचना प्रविधिको क्षेत्रमा राज्यको न्यून लगानीले यसमा समस्या विद्यमान रहेको देखाउँछ । सार्वजनिक सेवालाई विश्वसनीय डिजिटल प्रणालीमा रूपान्तरण गर्दै र नागरिकका व्यक्तिगत गोपनीयताको सुरक्षाको प्रत्याभूति कायम गर्दै नागरिकमा डिजिटल साक्षरता अभिवृद्धि गर्ने काम चुनौतीका रूपमा रहेको देखिन्छ ।

अहिले झगडा गर्न वा कुनै वितृष्णा पोख्न कुनै मैदान खोजिरहनु पर्दैन । कसैप्रति रिस उठ्यो भने रिस पोख्न स्टाटस लेख्यो बस पुगिहाल्यो । फेसबुक, ट्विटर र टिकटक जस्ता प्लेटफर्मले मानिसलाई आफ्ना आक्रोश, असहमति र असन्तुष्टि तत्कालै व्यक्त गर्ने मन्च प्रदान गरेका छन् । एउटा सानो टिप्पणी, पोस्ट वा भिडियोले क्षणभरमै तर्कवितर्कको आँधी ल्याउन सक्छ, सम्बन्धमा टकराव निर्माण गर्न सक्छ । सूचना एवं प्रविधिको क्षेत्रमा हुने ह्याकिङ, डेटा चोरी र ऱ्यानसमवेयरले व्यक्ति र संस्थालाई जोखिममा पारेको अवस्था छ । सामाजिक सञ्जाल र सेवाप्रदायक संस्थाले हाम्रा नितान्त निजी जानकारीप्रति संवेदनशील र जिम्मेवार नबन्दा गोपनीयतामाथि प्रश्न उठेको अवस्था छ भने अर्कातिर सामाजिक सञ्जालमा फैलिने मिथ्या र भ्रामक सूचनाले डिजिटल एवं सूचना प्रविधिमाथि नै प्रश्नचिह्न खडा गरेको छ ।

**समाधानको बाटो**

आजको डिजिटल युगमा विभिन्न किसिमका साइबर अपराध जस्तै - एटिएमबाट पैसा चोरी हुने, बैङ्क सिस्टम ह्याक गर्ने, अनधिकृत रूपमा रकम झिक्ने, डेटा चोरी गर्ने, फेसबुक ह्याक हुने र गलत सन्देश पोस्ट हुने जस्ता समाचार नितान्त सामान्य बनिसकेका छन् । यस्ता समस्याले खास गरी व्यक्तिगत, आर्थिक र सामाजिक सुरक्षामा गम्भीर चुनौती खडा गरेको अवस्था छ अहिले । यस्ता गम्भीर समस्या समाधान गर्न बहुआयामिक उपाय अपनाउनु आवश्यक छ । जस्तै, बलियो साइबर सुरक्षा प्रणालीको विकास गर्न सकियो भने, डिजिटल साक्षरता र जनचेतना फैलाउन सकियो भने, प्राविधिक नवपवर्तन र अनुसन्धान गर्न सकियो भने धेरै हदसम्म साइबर अपराध कम हुन सक्छ ।

संस्थागत र व्यक्तिगत जिम्मेवारीलाई प्रभावकारी बनाउँदा र सरकारले साइबर अपराधलाई नियन्त्रण गर्न कडा कानुन र यसको प्रभावकारी कार्यान्वयनमार्फत पनि अपराध घट्न सक्छ । त्यसै गरी अन्तर्राष्ट्रिय साइबर सुरक्षा सन्धिमा सहभागिता बढाउनुका साथै अन्तर्राष्ट्रिय मापदण्ड अनुसार नेपालमा डेटा संरक्षण नीति एवं कानुन बनाउन सकियो भने धेरै हदसम्म साइबर आक्रमणलाई न्यूनीकरण गर्न सकिन्छ । सूचना तथा सञ्चार प्रणालीमाथि हुने साइबर आक्रमणको जोखिम न्यूनीकरणका लागि नेसनल क्रिटिकल इन्फ्रास्ट्रक्चरको पहिचान एवं संरक्षण हुन जरुरी छ । त्यस्तै, सूचना तथा तथ्याङ्कमा अनधिकृत पहुँचलाई नियन्त्रण गर्न सकेमा पनि साइबर आक्रमण कम हुने छ ।

अन्त्यमा एकातिर नेपालमा दिनानुदिन साइबर अपराध बढ्दै गएको अवस्था छ भने अर्कातिर पूर्वाधार र जनचेतनाको कमीले समस्या जटिल बन्दै गएको छ । सरकारले सूचना प्रविधि ऐन, २०७५ लाई थप प्रभावकारी बनाउनु आवश्यक छ । साइबर अपराधीलाई तत्काल कारबाही र कडा सजायको व्यवस्था गर्नु जरुरी छ । नेपाल टेलिकम र निजी इन्टरनेट प्रदायकले सुरक्षित नेटवर्क प्रदान गर्न सकेमा, नेपाल प्रहरीको साइबर ब्युरोलाई बलियो एवं प्रभावकारी बनाउन सकेमा, जनमानसमा डिजिटल र सूचना प्रविधिसम्बन्धी शिक्षा र सचेतना प्रदान गर्न सकेमा साइबर आक्रमण एवं अपराधका घटनालाई कम गर्न सकिन्छ ।

नेपाल जस्तो विकासोन्मुख देशमा यी उपाय लागु गर्न सरकार, निजी क्षेत्र र व्यक्तिको संयुक्त प्रयास आवश्यक छ । डिजिटल विश्वलाई सुरक्षित, मर्यादित एवं प्रभावकारी बनाउन आजैबाट हामी सबैले जिम्मेवार कदम चालौँ ।

# चेतना, अधिकार र महिला



• सादेशमणि पोखेल

चेतना अधिकारको द्योतक हो । अधिकार निष्प्रभावी बन्नु भनेको चेतनाको स्तरमा बढोत्तरी नहुनु भनेर बुझ्दा थप प्रभावकारी हुन्छ । अधिकार युगसापेक्ष बन्नु स्वाभाविक हो । समकालीन अधिकार र कर्तव्यको चरम लेखाजोखाको समयमा पनि महिला सहभागिताबारे केवल बहस मात्र बाक्लिनुलाई विकासै मात्र त हो नि को संज्ञाले मुलुक विकासको सानो पाटोमा मात्र पुगेको रहेछ भन्ने सङ्केत गर्छ ।

सत्ययुगमा महिला अधिकार निरपेक्ष थियो, महिलाप्रतिको उच्च नैतिक मान्यताको आधारमा । जस्तै अत्रि ऋषिकी छोरी अनुसूया, गौतम महर्षीकी पत्नी अहल्या, ऋषि दक्षप्रजापतिकी छोरी तथा महादेवकी श्रीमती सतीदेवी, शन्तनु ऋषीकी श्रीमती सत्यवती । शावरीलाई त झन् सत्यनिष्ठाको प्रतीकको रूपमा समेत लिइन्छ । यी कालखण्डमा उच्च नैतिक आचरणका आधारमा महिलाको अधिकारका दायरा फराकिला भएका मानिन्छन् । मान्ने गरिन्छ, यी सत्यकालीन अवधिमा पितृसत्तात्मक अवयव लगभग शून्य थिए । सत्र लाख २८ हजार वर्ष अवधि रहेको यस युगमा पनि विन्यासका आधारमा महिला सहभागिता सीमिततामा रहनु निकै मर्मस्पर्सी कुरा हो ।

प्रारम्भको दोस्रो युग त्रेत्रा पृथक् र अधिकार मुखी रहेको हो कि, भन्न सकिन्छ, कर्म र मान्यताका हिसाबले । १२ लाख ९६ हजार वर्ष अवधि रहेको यस युगमा पुण्य र दैविक चेतका हिसाबले महिलाको स्थान उच्च थियो भन्ने मान्यताको विकास भएको पाइन्छ । यस युगका सीता, कैकेही, कौसिल्या सुमित्रा, मन्दोदरी, उर्मिलाहरूले रामायण तथा अन्य ग्रन्थमा छाप छाडेका विषयवस्तु हिजोआजसमेत समयसापेक्ष छन् । यिनीहरूको गुण विषेशतालाई शुद्धतासँग लिङ्क गरेको पाइन्छ । नारी पात्रता र विशेषताले यहाँ खास अर्थ र सामर्थ्य बोक्छन्, त्यो पनि सरलताको सूत्रमा ।

तेस्रो र चौथो युग क्रमशः द्वापर र कलिमा नारीको वर्णन फरक फरक ढङ्गले गरेको पाइन्छ । द्वापर युग महाभारतकालीन अवस्था हो, जहाँ महिला कम वैदिक बढी रणनीतिक शैलीमा देखिन्छन् । यस युगमा महिलाको स्वरूप चातुर्यतामा होइन रणकौशल निर्माणमा समेत देखिन्छ, त्यो पनि प्रभावी शैलीमा । यस समयका पात्र द्रौपदी, कुन्ती, गान्धारी, रुक्मिणी, राधाहरूको चरित्र सुन्न हेर्न पाइन्छ तर हिन्दुमा यिनीहरूलाई पुज्ने परम्परा नभएको देखिन्छ । यहाँ नाटकीय ढङ्गमा कृष्णले गज्जवको छाप छोड्न सकेका छन्, जुन हिजोआज कृष्ण चरित्रका स्वरूपले घर घरमा वाचन भएका छन् ।

कलियुग युगमध्यकै सबैभन्दा छोटो हो । छोटो अवधिले मात्र होइन, धार्मिक क्षयीकरण, नैतिक पतनता र उच्च भौतिकताका हिसाबले पनि । यहाँ कलिलाई अधर्मसँग जोडिएको पाइन्छ । कलि र कलिका स्वरूप नितान्त फरक छन् । चार लाख ३२ वर्ष अवधि भएको कलियुगको प्रवृत्ति पछिल्लो समय फरक ढङ्गमा प्रस्तुत हुनुले वर्तमान समयको व्यावहारिक दण्डहीनतालाई अङ्कित गरेको प्रस्ट महसुस गर्न सकिन्छ । कलि युगकी पात्र साध्वीको बारेमा थप चर्चा हुन्छ, यहाँ जो कलियुगको नैराश्यताबाट कदापि विचलित हुन सकेकी हुन्नन् । माता दुर्गालाई सन्तुलनको एक पात्रका रूपमा अङ्कित गरेको पाइन्छ । कल्की पुराणको एक अंशमा कलियुगमा महिलाको सामाजिक क्षयीकरण र पुरुष वर्गको अधोगतिबारे गरिएको उल्लेख छ । यस्तो समाजमा महिला राजनीतिक चिन्तन र निर्णय निर्माण त फरक कोण नै भइहाल्यो । युगसापेक्ष राजनीतिक लेखाजोखा समकालीन सन्दर्भ हो, जसमा आग्रह र पूर्वाग्रह कदापि यथोचित हैन । हो, यही सन्दर्भ सत्य साबित हुँदै छ, यो युगमा त्यही पनि महिलाका विचारका हकमा, के हो सही होला त ?

वैश्विक परिवेश आफैँमा एक अनन्त विन्दु हो, जसमा पुरुष महिलाका अधिकार समरूपी हिसाबले दायराकृत हुने गर्छन् । महिला अधिकार र यसबारेको सन्दर्भ प्रस्तुत गर्दा, जिसस क्राइस्टको जन्मपूर्व बिसी ई. १७५० मा प्राचीन मेसोपोटामियाका राजा हमुरावीले महिला अधिकारको पैरवी गर्दै महिलाको सम्पत्तिमाथिको हकबारे आधिकारिक घोषणा गरेको पाइन्छ । जुन महिला अधिकारको पहिलो कोसेढुङ्गाका रूपमा विकास हुन पुग्यो । तत्पश्चात सो संस्कृति प्राचीन इजिप्ट, प्राचीन ग्रिस, रोम हुँदै प्रथम पटक सन् १८९३ मा न्युजिल्यान्डमा महिलालाई संसदीय निर्वाचनमा मतदानको अधिकारसहित संस्थागत हुन पुग्यो । राजनीतिक सहभागिताको कुरा गर्दा पूर्वी अफ्रिकी मुलुक रुवान्डाको संसद्मा ६३.७५ प्रतिशत महिलाको प्रतिनिधित्व छ, जुन विश्वकै सबैभन्दा बढी हो ।

हरेक युगमा महिला पुरुषका अधिकारको समानान्तर उपयोग भएको सुन्न पाइन्छ, धार्मिक ग्रन्थमा कथाका स्वरूपमा । द्रौपदीले योग्य पति छान्नका लागि व्यक्तिगत अधिकारको उपयोग तथा द्रौपदीलाई साझा पत्नीका रूपमा मानिदिन कुन्तीले पाँच पाण्डवलाई गरेको आग्रह, जुन आग्रह पछि गएर सामर्थ्य र एकतामा बदलिएको छ । यी मिहीन खाकालाई पछिल्ला पुस्ताले केवल कथाका रूपमा मात्र ग्रहण गरिदिँदा आदिकालीन महिला अधिकारका बलिया पाटा थप खुकुलिन पुगे । ग्रन्थहरूमा यो मात्र होइन, यस्ता धेरै उदाहरण छन्, महिला अधिकारका आयामलाई उजागर गर्न सक्ने पक्ष तर हालसम्म पनि यसमाथि कुन कम्प्रिहेन्सिभ डिबेट गर्न सकिएको छैन ।

प्रथम अधिकार अभ्यासको इतिहास बिसी ई. ५३९ मा फारसी राजा साइरसले बेबिलोनमाथि विजयी भएपछि मन्दिरहरूको पुनर्स्थापना तथा निर्वासितहरूलाई मातृभूमि फिर्ताको अभियान चलाए । यसैलाई मानव अधिकारको प्रारम्भिक घोषणाका रूपमा हेर्ने गरिन्छ । यसलाई साइरस सिलिन्डर भनिन्छ, जुन हालसम्म पनि बेलायती सङ्ग्रहालयमा रहेको छ । १२१५ को म्याग्नाकार्टाद्वारा प्रतिविम्बित अधिकारका हिसाबमा राजाप्रजाबिचको समानता, सत्रौँ तथा अठारौँ शताब्दीको इनलाइटमेन्टको कालखण्ड जसमा जोन लक, भोल्टायर, रुसोले अधिकारका आधुनिक मोडेलहरूको धारणा निम्त्याएका थिए । यो क्रम सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्रको माध्यमबाट पूर्णता पाएको विश्वास गरिन्छ । लाग्छ, कृत्रिम बौद्धिकता, डिजिटल अधिकार, लैङ्गिक समानता आदि जस्ता पछिल्ला समय विकसित घटनाक्रमले यो क्रम थप विस्तार हुने क्रममा छ । यसर्थ पनि अधिकार परिवर्तनशील अवयव हो, जसमध्ये महिला अधिकार झन् संवेदन र मननयोग्य विषयवस्तु हो ।

माथि उल्लिखित दुई विषयवस्तुमा खास दुई महसुसयोग्य भिन्नता पाइन्छ, ती हुन अधिकार र महिला अधिकार । यसको सापेक्षित तुलनामा अधिकार यानेकी पुरुष अधिकारले प्रधानता पाएको बुझिन्छ । अर्थात्, बिसी ई. को करिब १,२२१ वर्षपछि मात्र महिला अधिकार अभ्यासको थालनी भएको जानकारी छ । सभ्यताको विकास क्रममा पनि महिला अधिकारका आयाम गुप्त नै थिए र विकासोन्मुख मुलुकका हकमा सो क्रम जारी नै छ । यी विकासशील मुलुकमा महिला अधिकारका न्यूनतम आधारशिलासमेत परिपूर्ति गर्न हम्मेहम्मे परेको कुरा विश्व बैङ्क, संयुक्त राष्ट्रसंघ तथा अन्य महिला अधिकारका पक्षमा पैरवी गर्ने संस्थाले बर्सेनि प्रकाशन गर्ने प्रतिवेदनले स्पष्ट पार्ने पार्छ । यसको कम्तीमा जिम्मा लिन सक्ने सक्षम र निष्पक्ष निकायको थप आवश्यकता परेको छ ।

वैश्विक महिला विकासका हिसाबमा यो विन्दु अनन्त छ, इतिहासकालदेखि नै । कम विकसित मुलुकका हकमा यो विषयवस्तु कुण्ठित हुँदै आएको छ । यसबारे निर्मम लेखाजोखा आवश्यक नै छ । अर्कातर्फ सन् २०२६ मा नेपाल विकासोन्मुख मुलुकमा स्तरोन्नति हुँदै छ । एकातर्फ महिला विकासका आयाम खुम्चने क्रम बढ्नु अर्र्कातर्फ मुलुकको स्तरोन्नति हुनु विरोधाभासपूर्ण छ । यसै कारण पनि महिला अधिकारमुखी दायरा फराक बनाउन सबै सम्बन्धित सरोकारवालाको ध्यान खिचिनु आवश्यक छ ।

लयात्मक सुधारका विचारविन्दु समयक्रम अनुसार सुधार हुन्छन्, जुन स्वाभाविकसमेत हो । यसो भन्दैमा सम्बोधनलायक विषयवस्तुलाई किन स्थान दिन सकिरहेको छैन त ? पूर्वीय दर्शन, युगकालीन योजना निर्माण जस्ता सामरिक महत्वका विषयवस्तुमा अब्बल रहेका महिलालाई समयसापेक्ष स्थान दिन नसक्नु ले सामाजिक असफलता दर्शाउँछ । वर्तमान विश्वका राजनीति, अर्थ वाणिज्य, सुशासन, विकास जस्ता अनेकन क्षेत्रमा विशाल सम्भावना भएका महिलाले प्रगति गरेका देख्न सुन्न सकिन्छ र गरिरहेका पनि छन् । यसका समय सापेक्ष लेखाजोखा गर्न सकिएमा महिला र पुरुषलाई भन्ने गरिएको उक्ति एक रथका दुई पाङ्राले सार्थकता पाउन सक्छ ।

# सगरमाथा संवादका लागि भारतद्वारा सवारीसाधन हस्तान्तरण



झापा(प्रस)। नेपाल सरकारद्वारा यसै हप्ता हुन लागेको सगरमाथा संवादको पहिलो संस्करणका लागि भारत सरकारले सवारीसाधन हस्तान्तरण गरेको छ। सहयोगस्वरुप भारत सरकारले १५ वटा विद्युतीय सवारी साधन (गाडी) उपलब्ध गराएको हो । नेपाल भारत सहयोग कार्यक्रम अन्तर्गत उपलब्ध गराइएका ती सवारी साधन आइतवार परराष्ट्र मन्त्रालयमा आयोजित एक समारोहमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवालाई नेपालका लागि भारतीय राजदूत नविन श्रीवास्तवले हस्तान्तरण गरेका हुन्।

मन्त्री राणाले नेपालले आयोजना गरेको सगरमाथा संवादका लागि भारतले उपलब्ध गराएको सहयोगका लागि भारत सरकारलाई धन्यवाद दिएकी छन्। उनले जलवायु परिवर्तन नेपालको मात्र नभएर यस क्षेत्रकै एक साझा चुनौतीकारुपमा रहेकाले यसको समाधानका लागि सबैको आपसी समन्वय र सामूहिक प्रयास आवश्यक रहेकोमा जोड दिइन्। नेपालले आयोजना गरेको सगरमाथा संवाद कार्यक्रमले जलवायु परिवर्तन सम्बन्धी यस क्षेत्रको साझा समस्याको उजागर गर्दै त्यसको समाधानका उपाय खोजीका लागि सामूहिक प्रयत्नको मोडल तय गर्ने जानकारी दिइन्। उनले यसमा भारत सरकारको सहयोग उल्लेखनीय रहेको बताइन्। मन्त्री राणाले यही मे १६(१८ मा आयोजना हुन लागेको सगरमाथा संवादको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको बताइन्। उनले अब नेपाल सरकार विदेशी उच्चपदस्थ व्यक्तित्वहरू तथा पाहुनाको स्वागतको प्रतीक्षामा रहेको उल्लेख गरिन्।

राजदूत श्रीवास्तवले भारत सरकारले नेपालको आर्थिक, सामाजिक लगायतका क्षेत्रमा पुर्याउँदै आएको सहयोगको चर्चा गर्दै सगरमाथा संवादका लागि सवारीसाधन उपलब्ध गराउन पाएकोमा खुसी व्यक्त गरेका छन्।

उनले जलवायु परिवर्तनको चुनौती यस क्षेत्रकै साझा समस्या रहेकाले यसको समाधानका उपायहरूमा भारत सरकार नेपालको साथमा रहेको बताए।

# कृषिमा लगानी दशक हरायो

झापा(प्रस) । सरकारले आगामी वर्षका लागि ल्याएको नीति तथा कार्यक्रममा ‘कृषिमा लगानी दशक’ हराएको छ। अघिल्लो सरकारले आर्थिक बर्ष २०८१।८२ को दशकलाई कृषिमा लगानी दशक घोषणा गरेको थियो।

सोही अनुसार तत्कालीन अर्थमन्त्री वर्षमान पुन ‘अनन्त’ ले बजेट वक्तव्यमा सरकारी, निजी, सहकारी तथा विकास साझेदारबाट कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्न विक्रम संवत् २०८१-२०९१ सम्मको अवधिलाई कृषिमा लगानी दशक घोषणा गरिएको उल्लेख गरे। तथापि गृहकार्यबिना कृषिमा लगानी दशक घोषणा गरिएको भन्दै आलोचना भइरहँदा वर्तमान सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा ‘कृषिमा लगानी दशक’ भेटिँदैन।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय (योजना तथा विकास सहायता समन्वय महाशाखा)का सहसचिव डा. हरिबहादुर केसी लगानी दशकका कार्यक्रम एवं कामहरू निरन्तर भइरहेको बताउँछन्। आगामी बजेट कार्यक्रममा लगानी दशकसँग सम्बन्धित कार्यक्रमहरू राखिएको उनले बताए। ‘एक वर्ष घोषणा भएपछि पटक-पटक गर्ने कुरा भएन, त्यसका कामहरू बजेटभित्र राखेका छौं’, डा. केसीले भने ‘लगानी दशक’ हराएको छैन।’

मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ महानन्द जोशी छोटा कार्यक्रम बनाउँदा छुटेको बताउँछन्। ‘यो वर्षको नीति तथा कार्यक्रम छोटो बनाउँदा लगानी दशकका कुरा छुटेको छ’ उनले भने।

यद्यपि आगामी नीति तथा कार्यक्रमले लगानी दशकलाई छोएको उनको तर्क छ ‘लगानी दशक अनुसार गर्नुपर्ने कुरा जस्तै : उद्योग जोडिने विषय, कर्जा, मल, किसानलाई दिनुपर्ने अनुदानका विषय बोलेकै छ’, उनले भने ‘त्यसले गर्दा लगानीका विषय छुन्छ र लगानी दशकमा जे हामीले गर्ने हो त्यो कुरा अन्य बुँदामा समेटिएको छ।’

कृषिविद् डा. कृष्ण पौडेल विगतकै प्रवृत्ति देखिएको नीति तथा कार्यक्रममा जे जति विषय उल्लेख गरिए पनि कृषि क्षेत्रलाई उन्नत बनाउने दृष्टिकोण यसले नबोकेको बताउँछन्। ‘गतवर्ष लगानी दशक भनियो, अहिले त्यसको कुरा गरिएको छैन, पोहर रसायनको कुरा गरिएको थिएन कारखाना खोल्ने कुरा गरियो, यस्ता प्रवृत्तिले गर्दा नीति तथा कार्यक्रम वास्तवमा टिप्पणी गर्न योग्य देखिँदैनन्’ उनले भने।

राष्ट्रिय कृषक समूह महासंघ नेपालका महासचिव महानन्द सापकोटा भने कृषि लगानी दशकको कुनै तुक नरहेकाले नीति तथा कार्यक्रममा नराखिनु स्वभाविक भएको बताउँछन्। ‘लगानी दशक घोषणा गरिरहँदा यो वास्तविक किसानको पक्षमा थिएन’, सापकोटाले भने ‘हामीले यसबाट किसानले लाभ पाउँदैनन् भन्दै आएका थियौँ। सरकारले अहिले बुझेको ठानेका छौं।’

सरकारले लगानी दशक घोषणा मात्र गरेर केही नहुने भन्दै उनले यसको कार्यान्वयनमा जटिलता रहेको बताए। ‘कार्यान्वयनमा नलैजाने भएपछि घोषणा मात्र गरेर भएन। नतिजामुखी काम गर्नुपर्छ भन्ने सन्दर्भमा सरकारले लगानी दशक हटायो राम्रो गर्‍यो’ राष्ट्रिय कृषक समूह महासंघका महासचिव सापकोटाले थपे।

कृषि मन्त्रालयले लगानी दशकको फ्रेम वर्क तयार भइरहेको जनाएको छ। ‘यसको अवधारणा अझै टुङ्गिएको छैन, त्यसमा धेरै प्रगति पनि भएको छैन, काम भइरहेको छ’ सहसचिव केसीले भने। ‘मुख्य गरी यससँग सम्बन्धित प्रचारप्रसार, निजीक्षेत्रमैत्री नीति बनाउने, परिवर्तन गर्ने, लगानी भित्र्याउन आकर्षित गर्ने गरी नीति, कार्यक्रमलाई सहयोग लगायतका विषयमा अहिले पनि कृषि उद्यम केन्द्रको सहकार्यमा गर्ने काम भइरहेको छ’, डा. केसीले भने ‘चिया-कफीसँग सम्बन्धित निजी क्षेत्रहरूको काम आउँछ, सहजीकरण लगायतका थुप्रै विषय लगानी दशककै फ्रेममा आउने हो।’


राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेमप्रसाद दंगाल लगानी दशक घोषणा मात्र गरेर हुन्न भन्दै लगानी आकर्षित गर्नुपर्नेमा जोड दिन्छन्। ‘मुलुकभित्रै पुँजी सिर्जना गर्न निजी क्षेत्र/सहकारी, सामुदायिक वा व्यक्तिगत रूपमा व्यावसायिक कृषि गर्नेलाई आकर्षित गर्नुपर्ने हुन्छ’, उनले भने ‘दातृ निकायहरूबाट पनि लगानी बढाउन पनि जोड दिनुपर्छ, यसो गर्न सके कार्यक्रम राम्रो हो।’

आगामी नीति तथा कार्यक्रममा लगानी दशक भनेर नराखिए पनि त्यसको निरन्तरता अनुरूपका कार्यक्रमहरू हुँदै जाने उनको विश्वास छ ‘यसमा धेरै विषय छुटेको देखिँदैन, भएका बुँदा कार्यान्वयन कसरी हुन्छ कति हुन्छ त्यो महत्वपूर्ण छ’ उनले भने।

# प्रेस सेन्टरले सरकारलाई बुझायो ज्ञापनपत्र

बिर्तामोड (प्रस)। प्रेस सेन्टर नेपालले विभिन्न १० बुँदे मागसहित सरकारलाई ज्ञापन पत्र बुझाएको छ । सेन्टरले आज देशका सबै जिल्ला प्रशासन कार्यालयमार्फत सूचना तथा सञ्चार मन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो ।

प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति झापाले झापाका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीमार्फत ज्ञापनपत्र बुझाएको सेन्टरका झापा अध्यक्ष पुष्प खड्काले जानकारी दिए । सञ्चार कानुन निर्माणका लागि प्रस्तावित भइ छलफल भइरहेका विधेयकका कतिपय प्रावधान प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संकुचन गर्ने र स्वतन्त्र पत्रकारितामा बाधा पुर्याउने



खालका रहेका, पत्रकारको हत्या, आक्रमण, भौतिक तथा पेशागत असुरक्षा, प्रेस स्वतन्त्रता हननका घटनाको बढोत्तरी गर्ने कतिपय प्रावधानबाट प्रेस सेन्टर नेपाल चिन्तित र गम्भीर बनेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

ज्ञापनपत्रमा परिवर्तनका लागि कलम चलाएकै कारणले तत्कालीन राज्यबाट हत्या गरिएका कृष्ण सेन ‘इच्छुक’ सहितका पत्रकारका हत्यारालाई कानूनी दायरामा ल्याउन र राज्यबाट बेपत्ता पारिएका पत्रकारहरु दीपेन्द्र शर्मा (दण्डपाणि न्यौपाने), मिलन नेपाली, चित्रनारायण श्रेष्ठ, राजेन्द्र ढकालको अवस्था तत्काल सार्वजनिक गर्न, चैत्र १५ गते काठमाण्डौको तीनकुनेमा ज्युँदै जलाएर हत्या गरिएका पत्रकार सुरेश रजकको हत्यामा संलग्न राजावादी समूहका नाइकेलाई कारबाही गर्न, रजकलाई सहिद घोषणा गर्न र परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न माग गरिएको छ ।

# शिक्षा मन्त्रालयले रोक्यो कोरियाको एनओसी

झापा(प्रस) । सरकारले दक्षिण कोरियाका लागि जारी गर्ने नो अब्जेक्सन लेटर (एनओसी) स्थगन गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अर्को व्यवस्था नहुँदासम्मका लागि एनओसी जारी गर्न रोकेको हो । मन्त्रालयका सूचना अधिकारी नीलकण्ठ ढकालले तत्कालका लागि एनओसी जारी गर्न स्थगन गरिएको बताए । कोरियामा अध्ययन गर्ने नेपाली विद्यार्थीहरूले दुःख पाएको गुनासो व्यापक रूपमा आएपछि तत्कालका लागि स्थगन गरिएको उनको भनाइ छ ।

गुनासो आउने थालेपछि परराष्ट्र मन्त्रालयले कोरियास्थित नेपाली राजदूतावाससँग नेपाली विद्यार्थीहरूको अवस्थाबारे जानकारी माग गरेको थियो ।

त्यसको जवाफमा दूतावासले नेपाली विद्यार्थीको अवस्था र उनीहरूले पाउने डी-२ र डी-४ भिसाका विषयमा जानकारी गराएको थियो ।

दूतावासले कोरियामा दिनानुदिन नेपाली विद्यार्थीहरू समस्याग्रस्त हुँदै गएको जनाएको छ ।

विषेशगरी कोरियामा अण्डरग्रेजुएट अध्ययनका लागि जाने विद्यार्थीहरू डी-२ र डी-४ भिसामार्फत जाने गरेका छन् । डी-२ भिसामा जानेहरू कोरिया पुगेर सिधै आफूले पढ्न चाहेको विश्वविद्यालय र कोर्समा भर्ना हुने गरेको दूतावासले जनाएको छ । तर, विद्यार्थीलाई कन्सल्टेन्सीहरूले जाने वित्तिकै अवैधानिक रूपमा भएपनि काम गर्न पाइन्छ भनेर आश्वासन बाँड्ने गरेको र विद्यार्थीहरू पढाइभन्दा काममा बढी फोकस हुने गरेको दूतावासको भनाइ छ ।

सोचेअनुसार नभएपछि मानसिक तनाव र समस्यामा पर्ने गरेका छन् । डी-४ भीषामा जाने विद्यार्थीहरू कोरिया प्रवेश गरेपछि ६ महिनादेखि एक वर्षसम्म भाषा अध्ययन गर्ने गर्दछन् ।

त्यसपछि डी-४ बाट डी-२ भिसामा जानका लागि अर्को विश्वविद्यालयमा आवेदन दिनुपर्ने हुन्छ । यसरी अर्को विश्वविद्यालयमा आवेदन गर्दा विद्यार्थीहरूले कालोसूचीमा रहेका विश्वविद्यालयहरूमा आवेदन गर्ने, क्रेडिट आवर कम भएका विश्वविद्यालयमा आवेदन दिने गरेको दूतावासले जनाएको छ ।

डी-४ भिसामा कोरिया प्रवेश गर्दा भाषा अध्ययन सकेपछि कुन विश्वविद्यालयमा भर्ना हुने भन्ने कुरा नेपालबाट कन्सल्टेन्सीहरूले सुनिश्चित नगरीकन, आउनेवित्तिकै काम गर्न पाउने र पैसा यथेष्ट कमाउने झुटो आश्वासन लिएर पठाउने गरेको पाइएको छ । कन्सल्टेन्सीहरूले विद्यार्थीहरूको ब्रेन वास गरेर अवैधानिक तरिकाले भएपनि कोरियामा काम गर्न पाइन्छ भनेर ‘कोरियाली सपनाको व्यापार’ गर्ने गरेको समेत दूतावासले जनाएको छ ।

# शिक्षकहरू विद्यालय फर्किए, कर्मचारीको आन्दोलन जारी

झापा(प्रस) । सरकार र नेपाल शिक्षक महासंघबीच वैशाख १७ गते ९ बुँदे सहमति भएपछि भने आन्दोलनरत शिक्षकहरू घर फर्किए। त्यसपछि बन्द भएका सामुदायिक विद्यालय खुले। नयाँ भर्नासँगै पठनपाठन पनि सुरू भयो। तर,शिक्षकसँगै चैत २० गतेदेखि आन्दोलनमा होमिएको विद्यालय कर्मचारीहरू भने आन्दोलनमै छन्।

नेपाल विद्यालय कर्मचारी परिषद्ले सहमतिमा कर्मचारीहरूको माग मुद्दा नसमेटिएको भन्दै वैशाख १९ गते पत्रकार सम्मेलन नै गरि चरणबद्ध आन्दोलन घोषणा गरेको थियो। परिषद्ले सार्वजनिक गरेको चरणबद्ध आन्दोलनमा वैशाख २१ गतेदेखि जेठ ३ गतेसम्म कालोपट्टी बाँधेर कार्यक्षेत्रमा काम गर्ने उल्लेख छ। सोही अनुसार यतिखेर कर्मचारीहरू विद्यालयमा कालोपट्टी बाँधेर काम गरिरहेका छन्।

परिषद्का महासचिव शान्तिनाथ योगीका अनुसार जेठ ४ गतेका दिन ७५३ वटै स्थानीय तहमा ध्यानाकर्षणपत्र बुझाउने तथा आन्दोलनको बारेमा जानकारी गराउने,५ गते जिल्लागत आन्दोलन परिचालन समिति गठन गर्ने कार्यक्रम छ।

जेठ ६ गते शिक्षा विकास तथा समन्वय एकाइ ७७ वटैमा आन्दोलनको जानकारी सहित ध्यानाकर्षणपत्र बुझाउने, ७ गतेकै दिन ७ वटै प्रदेशमा आन्दोलनको जानकारी गर्न तथा ध्यानाकर्षण पत्र सामाजिक विकास मन्त्रालयमा बुझाउने कार्यक्रम छ।

यस्तैगरि परिषद्ले जेठ ९ र १० गते काठमाडौंस्थित माइतीघर मण्डलादेखि सडक आन्दोलनमा सबै उपस्थित हुने र तत्कालै समीक्षा गरेर दोस्रो चरणको आन्दोलनको रूपरेखाको तयारी गर्ने घोषणा गरेको छ। यी सडक आन्दोलनलाई प्रभावकारी बनाउन परिषद्ले वैशाख २५ गते भर्चुअल बैठक बसेर सम्पूर्ण विद्यालय कर्मचारीको अनिवार्य उपस्थितिका लागि जिल्ला कमिटीले सो सम्बन्धी व्यवस्थापन गर्न निर्देशन दिएको छ।

परिषदले जारी आन्दोलनलाई थप सशक्त र प्रभावकारी आन्दोलन बनाउनका लागि स्थानीय स्तरीय कमिटीको प्रमुख भूमिका रहने भएकाले सक्रियताका साथ कार्यक्रममा सहभागीलाई थप निर्देशन गर्न र सो को जानकारी प्रदेश र केन्द्रमा गर्न सम्पूर्ण जिल्ला कमिटीलाई अनुरोध गर्न आग्रह गरेको छ।

परिषद्ले भनेको छ, ‘हालसम्मका प्राप्त उपलब्धिलाई संस्थागत गर्दै थप उपलब्धि प्राप्तिका लागि राष्ट्रिय समिति अनवरत रूपमा लागिपरेको र प्रदेश, जिल्ला र स्थानीय स्तरीय कमिटीले भूमिकामा थप सुदृढीकरणका साथ आन्दोलनको मर्मानुरूप अघि बाढ्नुको विकल्प नरहेकाले सबैसँग हातेमालो गरेर आन्दोलन सफलताको र उपलब्धि प्राप्तिलाई अर्जुन दृष्टिका साथ सोही बमोजिमका गतिविधि गर्न गराउनुहुन अनुरोध गर्ने।’

परिषद्का अध्यक्ष गंगाराम तिवारीले महासंघले एकलौटी सहमति गरेपछि आफ्नो माग मुद्दाका लागि कर्मचारीहरू आन्दोलन गर्न बाध्य भएको बताए। शिक्षक महासंघले कर्मचारीहरूलाई धोका दिएको पनि उनले बताए।

‘पहिलासँगसँगै बसेर आन्दोलन गर्‍यौं,त्यसबेला कर्मचारीको माग मुद्दाबारे महासंघमा छलफल भयो,’उनले भने,‘सहमति भयो,तर पछि भने महासंघले हामीलाई थाहा नदिइ एकलौटी सरकारसँग सहमति गर्‍यो,समितिले हाम्रो मागबारे अडान नै लिएन,त्यसैले आन्दोलनमा जान बाध्य भयौं।’

सरकारले पनि विद्यालय कर्मचारीहरूको माग सम्बोधन गर्न नचाहेको उनले बताए। उनले भने,‘ शिक्षकहरूको माग स्वीकार्ने,अनि कर्मचारीहरूको माग चाही नस्वीकार्ने हुन्छ र?त्यसैले हाम्रो आन्दोलन जारी छ।’ सरकारले माग पूरा नगरेसम्म आन्दोलन जारी राख्ने परिषद्को अडान छ।

परिषद्ले शिक्षक कर्मचारीबीचको विभेद अन्त्य गर्नुपर्ने,हालसम्मका सहमति कार्यान्वयन गर्नुपर्ने, विद्यालय कर्मचारीको विरामी बिदा सञ्चित गराउनुपर्ने माग राखेको छ।

त्यस्तै तलब मान कायम गराउनुपर्ने,विद्यालय कर्मचारीलाई पनि दुर्गम भत्ता उपलब्ध गराउनुपर्ने, तोकिएकै समयमा शिक्षा ऐन जारी गराउनुपर्ने र सर्वोच्च अदालतको फैसला कार्यान्वयन गराउनुपर्ने माग उनीहरूका छन्।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** वाणीमा कुशलता आउने दिन परेको छ । मिल्ने साथीको सुझावले महत्त्वपूर्ण

**वृष** वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ । यात्रा गर्ने अवसर पनि जुट्नेछ ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।